# सुदूरपश्चिम प्रदेश लोकमार्ग विधेयक

२०७५

सुदूरपश्चिम प्रदेशका लोकमार्ग निर्माण, मर्मत सम्भार तथा विस्तार र व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५

प्रस्तावनाः

जनतालाई सुरक्षित यातायातको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि प्रदेशको अधिकार अन्तर्गत रहेका वा हस्तान्तरण भई आउने लोकमार्गहरूको वर्गीकरण गरी तिनीहरूको निर्माण, पुनर्निर्माण, संभार, विस्तार,संरक्षण, सम्वर्धन, स्तरोन्नति वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र सडकको उचित व्यवस्थापन एवं नियमन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभालेयो ऐन बनाएको छ ।

परिच्छेद -१

प्रारम्भिकः

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "प्रदेश लोकमार्ग ऐन, २०७५"रहेकोछ।

(२) यो ऐन प्रदेशभर लागू हुनेछ ।

(३) यस ऐनको परिच्छेद -४ प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि तोकेको ईलाका वा क्षेत्रमा प्रारम्भ हुनेछ र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क)"प्रदेश लोकमार्ग" भन्नाले कसैको निजी भोगचलनमा नरहेको दुई वा दुई भन्दा बढी जिल्ला जोड्ने वा प्रदेशको पूर्व पश्चिम वा उत्तर दक्षीण फैलिएका वा रणनैतिक सडक लाई जोड्ने हाल रणनैतिक सडक सञ्जालमा नपरेका विगतका फीडर सडक, प्रदेश सहायक मार्ग र विशेष महत्वका सडकहरुलाई सम्झनु पर्छ; सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कज्वे, कलभर्ट, साईकल मार्ग, फूटपाथ र सडक सुरक्षाका लागि बनाइएका संरचना वा चिन्ह वा संकेत सहित सडकमा निर्मित रोड फर्निचर वा सडक बत्ती वा अन्य संरचनालाई समेत जनाउँछ।

(ख) "प्रदेश सहायक मार्ग" भन्नाले राष्ट्रिय लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा प्रदेश लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा प्रदेश राजधानीबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा दुई वा दुईभन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने सडक सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कजवे, कलभर्ट, साईकल मार्ग, फूटपाथ र सडक सुरक्षाका लागि बनाइएका संरचना वा चिन्ह वा संकेत सहित सडकमा निर्मित रोड फर्निचर वा सडक बत्ती वा अन्य संरचनालाई समेत जनाउँछ।

(ग) "विशेष उद्देश्यका सडक" भन्नाले प्रदेश सरकारको निर्णयबाट तोकिएका महत्वपूर्ण औद्योगिक केन्द्र, बजारकेन्द्र, धार्मिक, शैक्षिक ऐतिहासिक, पर्यटकीय, विषेश कृषि उत्पादन तथा अन्य

विषेश महत्वको क्षेत्र जोड्ने वा विशेष उद्देश्य पूरा गर्न निर्माण गरिएका सडक सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कज्वे, कलभर्ट, साईकल मार्ग, फूटपाथ र सडक सुरक्षाका लागि बनाइएका संरचना वा चिन्ह वा संकेत सहित सडकमा निर्मित रोड फर्निचर वा सडक बत्ती वा अन्य संरचनालाई समेत जनाउँछ।

(घ) "सडकसीमा" भन्नाले प्रदेशको अधिकारक्षेत्र भित्र पर्ने प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडक र त्यस्तो सडकको केन्द्र रेखाको दायाँ बायाँ दफा ३ बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनु पर्छ।

(ङ) "जग्गा" भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, महल, पर्खाल, रुख, इत्यादि र सो संग स्थायी रूपले जोडिएको संरचना समेतलाई जनाँउछ ।

(च) "स्थानीय अधिकारी" भन्नाले प्रदेश सरकारले तोकेको अधिकारी सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनुपर्छ ।

(ज) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(झ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तरगतको यातायात पूर्वाधार निर्देशनालय सम्झनुपर्छ ।

(ञ) "पूर्वाधार विकास कार्यालय" भन्नाले मन्त्रालय, निर्देशनालय अन्तर्गतको पूर्वाधार विकास कार्यालय सम्झनुपर्छ ।

(ट) तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "प्रकोप" भन्नाले प्रचलित कानूनमा परिभाषित गरे अनुसारको प्राकृतिक वा मानव सिर्जित प्रकोप सम्झनुपर्छ ।

## परिच्छेद-२

## प्रदेश लोकमार्गको वर्गीकरण, सडक सीमा र जग्गा प्राप्तिः

३. प्रदेश लोकमार्गको वर्गीकरण तथा सडक सीमाः (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेशको अधिकार भित्र पर्ने सबै सडकहरुको देहाय बमोजिम वर्गीकरण गरी त्यस्तो सडकको केन्द्ररेखा देखि दायाँ बायाँ दुबै तिर उपदफा (२) बमोजिमको सडक सीमा तोक्ने छ ।

(क) प्रदेश लोकमार्ग

(ख) प्रदेश सहायक मार्ग

(ग) विशेष उद्देश्यका सडक

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको सडकको केन्द्र रेखा देखि दायाँ बायाँ दुवैतिर तराईको *हकमा एकतीस मिटरमा नबढाई*, पहाड र भित्री मदेशको हकमा छब्बीस मिटरनबढाई र खण्ड (ख) बमोजिमको सडकको केन्द्र रेखा देखि दायाँ बायाँ दुवैतिर तराईको हकमा छब्बीस मिटरमा नबढाई, पहाड र भित्री मदेशको हकमा एक्काइस मिटर नबढाई सडक सीमा तोक्नेछ ।

(३) उपदफा(१) को खण्ड (क) र (ख) बमोजिम बाहेकका अन्य सडकहरुको सीमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिमका एकै किसिमको सडकको सम्पूर्ण लम्बाईमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र बस्तीको कारण वेग कम गर्न वा पुल तथा पुलको वरपर नदीको तटवन्ध सुरक्षाको लागि चार किल्ला खोली आधार र कारण समेत उल्लेख गरी आवश्यक सडक सीमा तोक्न सक्नेछ ।

४. <u>तोकिएको फासला भित्र भवन, संरचना आदि बनाउन निषेध गरिने:</u>(१) दफा ३ बमोजिमका सडकका तोकिएका सडकसीमाबाट र सडकसीमा नतोकिएका अन्य सडकको हकमा उक्त सडकको किनाराबाट ६/६ मिटरमा नबढ्ने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको सीमा भित्र पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी बनौट (स्ट्रक्चर) वा भवन कसैले निर्माण गर्न नपाउने गरी निषेध गरिनेछ ।

तर नगर विकास सम्बन्धी योजना लागू भएको क्षेत्रमा तत्सम्बन्धी प्रचलित नेपाल कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम सडक सीमा तोकेको सम्बन्धमा आवश्यकता अनुसार सञ्चार माध्यमबाट समेत सूचना जारी गर्न सकिने छ ।

(३) उपदफा (१) बमोजिम निषेध गरिएको फासला भित्र कसैले कुनै किसिमको स्थायी वा अस्थायी बनौट वा भवन निर्माण गरेमा त्यस्तो संरचना वा भवन मन्त्रालय वा निर्देशनालय वा कार्यालयको आदेशले तत्काल भत्काउन सकिनेछ ।मन्त्रालय वा निर्देशनालय वा कार्यालयले त्यस्तो संरचना वा भवन भत्काउँदा लागेको खर्चसमेत सम्बन्धित व्यक्तिबाट तोकिए बमोजिम भराउन सक्नेछ ।

५. <u>लोकमार्ग र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्न सकिने:</u> प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडक निर्माण, पुनर्निर्माण, विस्तार, सुधार, स्तरोन्नति, मर्मत संभार गर्न वा सडक सीमाको निमित्त आवश्यक जग्गा प्राप्त गर्नु परेमा प्रदेश सरकारले जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानुनबमोजिम जग्गा प्राप्त गर्न सक्नेछ ।

## परिच्छेद-३

### प्रदेश लोकमार्गको रेखदेख, संभार र अन्य व्यवस्था:

६. **सडक निर्माण, विस्तार वा सुधार गर्दा वा प्रकोप व्यवस्थापन गर्दा आवश्यकजग्गा अस्थायी रूपमा अधिग्रहण गर्न सकिने:** (१) कुनै प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकको निर्माण, मर्मत, विस्तार वा सुधार गर्ने काम वा कुनै किसिमको प्रकोप व्यवस्थापनको काम पूरा नभए सम्म देहायको कामको लागि मन्त्रालय वा निर्देशनालयले कुनै जग्गा अस्थायी रूपले अधिग्रहण गर्न सक्नेछ:–

(क) त्यस्तो सडकको निर्माण, मर्मत, विस्तार वा सुधार गर्न वा प्रकोप व्यवस्थापनका कामहरु गर्न आवश्यक निर्माणका सर-सामान उपकरण राख्न वा त्यस्तो निर्माण विस्तार वा सुधार सम्बन्धी कार्यको रेखदेख वा नियन्त्रण गर्ने,व्यक्तिहरू बस्नें घर, कटेरो बनाउन,

(ख) त्यस्तो सडकको निर्माण, मर्मत, विस्तार वा सुधार गर्ने कार्य वा प्रकोप व्यवस्थापनका कामको सम्पन नभएसम्म त्यस्तो सडकबाट हुने आवागमन चालू राख्न वा निर्माण पूरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसार पसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक वनाउन ।

(२) उपदफा (१) मा उल्लिखित कामको लागि विशेष परिस्थिति परेमा बाहेक देहायको घर जग्गा अधिग्रहण गर्न हुँदैनः-

(क) कुनै व्यक्तिले आफनो वा सस्थानको निमित्त प्रयोग गरी राखेको घर वा टहरा

(ख) देवस्थल, स्कूल, अस्पताल, धर्मशाला वा अनाथालयको निमित्त प्रयोग भई रहेको जग्गा ।

(३) उपदफा (१) बमोजिम अधिग्रहण गरेको जग्गा जुन कार्यको निमित्त अधिग्रहण गरिएको हो, सो कार्य सम्पन्न भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गावाला वा निजको हकवालालाई फिर्ता गरि दिनु पर्नेछ ।

७. **अधिग्रहण गरिने जग्गाको क्षतिपूर्ति र त्यसको निर्धारण:** (१) देहायको अवस्थामा बाहेक दफा ६ बमोजिम आवश्यक जग्गा अधिग्रहण गर्दा कुनै क्षतिपूर्ति दिइने छैनः-

(क) कुनै घर, टहरा वा संरचना सहित कुनै जग्गा अधिग्रहण गरेकोमा त्यस्तो घर, टहरा वा संरचना को धनीले सो घर, टहरा वा संरचना उपभोग गर्न नपाए बापतको क्षति,

(ख) बालीनाली लगाउने समय नाघ्ने गरी कुनै जग्गा अधिग्रहण गरिएमा त्यस्तो बालीनाली लगाउन नपाए बापत सम्बन्धित जग्गावालाले व्यहोर्न परेको नोक्सानी,

(ग) अधिग्रहण गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सरसामान राखेको फलस्वरूप सो जग्गालाई अधिग्रहण गर्दाको स्थितिमा ल्याउन त्यस्तो जग्गा फिर्ता पाउने व्यक्तिले व्यहोर्न पर्ने जति रकम ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकमको निर्धारण देहाय बमोजिम गरिनेछ:-

(क) निर्देशनालय वा कार्यालय र सम्बन्धित जग्गाधनीको बीच यस ऐन वा प्रचलित कानूनको अधिनमा रही सम्झौता भएमा सोही बमोजिम,

(ख) खण्ड (क) बमोजिम सम्झौता हुन नसकेमा देहाय बमोजिमका मध्यस्थताद्वारा क्षतिपुर्ति रकम निर्धारण गरिनेछ ।

(१) सम्वन्धित क्षेत्रको प्रदेश सभा सदस्य - संयोजक,

(२) सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुख- सदस्य

(३) प्रमुख जिल्ला अधिकारी - सदस्य

(४) संबन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(५) भौतिक पूर्वाधार विकास निर्देशनालय वा कार्यालयको बरिष्ठ इन्जिनियर - सदस्य सचिव

८. सडकको दायाँ बायाँ रुख लगाउने र त्यसको रेखदेख:(१) सम्वन्धित पूर्वाधार विकास कार्यालयले आवश्यकता अनुसार प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकको दायाँ बायाँ रुख लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगाएका रुखहरूको रेखदेख र संरक्षण गर्ने कर्तव्य सम्बन्धित स्थानीय तहको हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाइएको रुखको काँटछाँट गर्ने वा त्यस्तो रुखले आवागमनमा बाधा पुर्याएमा त्यसलाई हटाउने जिम्मेवारी सम्बन्धित पूर्वाधार विकास कार्यालयको हुनेछ ।

(४) उपदफा (१), (२), र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालय वा निर्देशनालयले सो उपदफाहरूमा उल्लिखित कार्यहरू दोहोरोपना नहुने गरी तोकिएबमोजिम अन्य कुनै व्यक्ति वा संस्थाद्वारा गराउन सक्नेछ ।

९. वजनको हद निर्धारण गर्न सक्ने: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सरकार अन्तरगत रहेको कुनै प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकले वहन गर्न सक्ने वजनको हद तोकी त्यस्तो प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकमा त्यसरी तोकिएको हद भन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी निषेध गरिनेछ ।

१०. आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिने: (१) प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकको निर्माण, मर्मत वा सम्भार वा प्रकोप व्यवस्थापनका कामको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन आवश्यक परेमा मन्त्रालय वा निर्देशनालयको आदेशानुसार आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा लिन सकिनेछ । त्यस्तोजग्गा व्यक्ति विशेषको भए सोजग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिंदा त्यसमा रहेको कुनै बाली रुख विरुवा वा कुनै संरचना वा वस्तुको नोक्सानी भएमा क्षतिपूर्ति दिनु पर्नेछ । त्यस्तो जग्गाबाट माटो ढुङ्गा वा बालुवा लिंदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन व्यहोर्नु पर्ने जति रकम क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घरको निकट आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु परेमा भने सम्बन्धित घरधनीको स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन हुँदैन ।

११. **लोकमार्गको आवागमनमा बाधा पुग्याउने संरचना वा माल वस्तु हटाउने संरचना भत्काउने अधिकारः** (१) कसैले प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको वा संरचना बनाएको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुग्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त मुनासिव माफिकको अवधि तोकी सरोकारवाला व्यक्तिको नाउँमा मन्त्रालय, निर्देशनालय वा कार्यालयले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई मन्त्रालय, निर्देशनालय वा कार्यालयले सडकको छेउ लगाई राख्न वा स्थानीय प्रतिनिधि वा व्यक्तिहरुको रोहवरमा मुचुलका गरी आफ्ना कब्जामा राख्ने गरी अन्यत्र लैजान सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकमाबनाइएको संरचना वा छाडिएको, राखिएको वा फालिएको कुनै माल वस्तुले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुग्याएमा त्यस्तो माल वस्तुलाई तुरुन्त सडकबाट हटाउने अधिकार मन्त्रालय, निर्देशनालय वा कार्यालयलाई हुनेछ ।

(४) उपदफा (१) मा उल्लिखित माल वस्तु बाहेक प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकको दायाँ बायाँ रहेको कुनै घर वा पर्खालमा सडकपट्टि निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै माल वस्तु वा ढोका वा रुखको हाँगा वा लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएकोछ भन्ने ठहराएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा मुनासिब माफिकको म्याद तोकी मन्त्रालय, निर्देशनालय वा कार्यालयले आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशमा सोसंरचना वा माल वस्तु वा ढोकालाई राख्ने, बनाउने वा जड्ने ढाँचा र रुख वा लहरालाई काँट छाँट गरी कायम गर्नु पर्ने मापदण्ड समेत तोक्न सक्नेछ ।

तर, यो ऐन लागू हुनुअघि बनेको वा रहेको कुनै संरचना वा माल वस्तु वा ढोकालाई हटाउन पर्ने भएमा त्यस बापतको क्षतिपूर्ति दिई र केही फेर बदलसम्म गर्नु पर्ने भएमा त्यस बापत लाग्ने खर्च सम्बन्धित पूर्वाधार विकास कार्यालयले व्यहोर्नेछ ।

(५) उपदफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्तिले कारण समेत खोली मन्त्रालय, निर्देशनालय वा कार्यालयमा निवदेन दिन सक्नेछ र त्यस अवस्थामा मन्त्रालय, निर्देशनालय वा कार्यालयले एक पटक सम्म आवश्यक अनुसार मुनासिव माफिकको म्याद बढाईदिन सक्नेछ ।

(६) उपदफा (४) बमोजिम तोकिएको म्याद वा उपदफा (५) बमोजिम म्याद बढाइएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिएको काम कारवाही नगरेमा मन्त्रालय, निर्देशनालय वा

कार्यालयले आफनो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारवाही गराउन सक्नेछ । त्यस्तोमा सम्बन्धित व्यक्तिले उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम क्षतिपूर्ति वा खर्च दावी गर्न पाउने छैन ।

१२. **स्वीकृति नलिई लोकमार्ग वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने:** (१) मन्त्रालय, निर्देशनालय वा कार्यालयको स्वीकृति प्राप्त नगरी कसैले प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो बनाउन वा प्रवेश द्वार निर्माण गर्न वा प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडक सीमाभित्रको जग्गा आवादी गर्न वा कुनै किसिमको पसल थाप्न वा यस्तै अन्य कुनै कार्य गर्न पाइने छैन ।

(२) कसैले मन्त्रालय, निर्देशनालय वा कार्यालयको स्वीकृति प्राप्त नगरी उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा मन्त्रालय, निर्देशनालय वा कार्यालयले त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारवाही गर्नुपर्ने भए सो समेत गरी स्वीकृति नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला लट्ठा तगारो आदि उखेल्न वा हटाउन वा बनाएका घर टहरो वा छाप्रो वा प्रवेश द्वार भत्काउन वा आवादी गरेको जग्गा बझ्याउन वा थाप्ने गरेको पसल हटाउन मुनासिब माफिकको म्याद तोकी त्यस्तो व्यक्ति वा संस्थाको नाउँमा आदेश जारी गर्न सक्नेछ ।

(३) सम्बन्धित व्यक्ति वा संस्थाले उपदफा (२) बमोजिम जारी भएको आदेश पालन नगरेमा त्यस्तो व्यक्ति वा संस्थाले बनाएको प्रवेश मार्ग बन्द गर्न वा खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर, टहरो वा छाप्रो वा प्रवेश द्वार भत्काउन वा आवादी गरेको जग्गा बझ्याउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्ति वा संस्थाबाट मन्त्रालय, निर्देशनालय वा कार्यालय ले असुल उपर गरी लिन सक्नेछ ।

(४) मन्त्रालय वा यातायात पूर्वाधार निर्देशनालयले उपदफा (१) बमोजिमका कृयाकलाप भए नभएको सम्बन्धमा प्रत्येक वर्ष अनुगमन निरिक्षण गरी उपदफा (३) बामोजिमको कार्य प्रत्येक आर्थिक वर्षभित्र गर्नुपर्नेछ।

१३. **धरौटी दाखिला गराउने वा दस्तुर लिने अधिकार:** (१) कसैलाई कुनै कामको निमित्त प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमा खन्नु वा भत्काउनु परेमा मन्त्रालय, निर्देशनालय वा कार्यालयको स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृतिको लागि माँग गरेमा मन्त्रालय वा निर्देशनालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमालाई मर्मत गरी पूर्वानुरूपमा कायम गर्न लाग्ने खर्चको रकम धरौटी लिई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमा खन्ने स्वीकृति दिंदा त्यसरी प्रदेश

लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमा खन्दा अपनाउनु पर्ने तरीका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालन गर्नु पर्ने अन्य शर्तहरू मन्त्रालय, निर्देशनालय वा कार्यालयले तोक्न सक्नेछ र त्यस्तो शर्तहरू पालन गर्नेछु भनी स्वीकृतिको माँग गर्ने व्यक्ति वा संस्थाबाट कबुलियत गराउनु आवश्यक देखेमा मन्त्रालय, निर्देशनालय वा कार्यालयले सो समेत गराई लिन सक्नेछ ।

१४. मन्त्रालय, निर्देशनालय वा कार्यालयले खर्च भराउन सक्नेः (१) दफा ११को उपदफा (४) प्रतिबन्धात्मक व्यवस्था बाहेक र दफा १२ को उपदफा (१) बमोजिम प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा दफा ११ को उपदफा (६) बमोजिम कुनै काम कारवाही गर्दा मन्त्रालय, निर्देशनालय वा कार्यालयले गरेको खर्चको रकम सरोकारवाला व्यक्ति वा संस्थाबाट भराई लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भराई लिनु पर्ने रकम बुझाउन मन्त्रालय, निर्देशनालय वा कार्यालयले सरोकारवाला व्यक्ति वा संस्थाको नाउँमा पैंतीस दिनको म्याद तोकी म्याद जारी गर्नेछ र सो म्यादभित्र उक्त रकम पनि नबुझाएमा वा थप म्यादको लागि माँग पनि नगरेमा तोकिए बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारवाही चलाउनु पर्नेछ ।

(३) प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकको आवागमनमा बाधा पुग्राउने गरी छोडेको वा राखेको कुनै माल वस्तुलाई वा भत्काउनुपर्ने संरचना भत्काई मन्त्रालय, निर्देशनालय वा कार्यालयले आफनो नियन्त्रणमा लिएको भए त्यस्तो माल वस्तु पन्छाउँदा वा अन्यत्र लैजाँदा सो मन्त्रालय, निर्देशनालय वा कार्यालयले व्यहोर्नु परेको खर्च उपर नहुन्जेल त्यस्तो माललाई रोक्का गरी राख्न सक्नेछ र एक वर्षसम्म पनि त्यस्तो खर्च उपर हुन नआएमा वा त्यस्तो माल वस्तुको मालिक पत्ता नलागेमा सो माल वस्तु प्रदेश सरकारको हुनेछ।

## परिच्छेद– ४

## मर्मत सम्भार सेवा शुल्क

१५. मर्मत सम्भार सेवा शुल्क असूल उपर गर्न सक्नेः प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकमर्मत सम्भार सेवा शुल्क असूल उपर गर्न निर्माण भएको प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकमा संचालन हुने यातायातका साधनमा तोकिने मर्मत सेवा शुल्कको दर र शुल्क संकलन गर्ने कार्यविधि प्रदेश सरकार आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

१६. मर्मत सम्भार सेवा शुल्कबुझाउने अवधि र कार्यालयः (१) यस ऐन बमाजिम बुझाउनु पर्नेमर्मत सम्भार सेवा शुल्क तोकिए बमोजिम तोकिएको कार्यालय र अवधिमा बुझाउनु पर्नेछ।

## परिच्छेद–५

### विविध

१७. **क्षतिपूर्ति निर्धारण गर्ने अधिकारी र त्यस उपरको उजूरीः** (१) दफा ११ को उपदफा (४) को प्रतिवन्धात्मक व्यवस्था बमोजिम दिइने क्षतिपूर्तिको रकम मन्त्रालय, निर्देशनालय वा कार्यालयले सम्बन्धित स्थानीय तहको वडा अध्यक्षको उपस्थितिमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको क्षतिपूर्तिमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो क्षतिपूर्ति पाउने सूचना प्राप्त गरेको पैंतीस दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समक्ष उजूर गर्न सक्नेछ ।

१८. **उजुर परेको कारणले जग्गा अस्थाई रूपमा अधिग्रहण गर्न बाधा नपर्नेः** (१) दफा १७ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको सम्बन्धमा उजुरी परेको कारणले मात्र यस ऐन बमोजिम कुनै कामको लागि अस्थाई रूपमा जग्गा अधिग्रहण गर्नमा बाधा पर्ने छैन ।

१९. **सरकारी निकायले सडक खन्नु परेमा स्वीकृति लिनु पर्नेः** जुनसुकै व्यक्ति वा सरकारी कार्यालय वा संस्था वा निकायले कुनै कामको लागि प्रदेश अधिकार अन्तरगतको प्रदेश लोकमार्गवा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडक वा प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमा खन्नु पर्दा मन्त्रालय, निर्देशनालय वा कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ र त्यसरी प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकवा प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकसीमा खन्ने सम्बन्धमा मन्त्रालय, निर्देशनालय वा कार्यालयले कुनै तरीका वा शर्त तोकेको भए सो समेत पालन गर्नु पर्नेछ ।

२०.**दण्ड सजायः**दफा ६ बमोजिम अस्थाई रुपमा जग्गा अधिग्रहण गर्दा वा दफा ११ बमोजिमको कार्य गर्दा वा यस ऐन बमोजिमको कुनै सूचना टाँस गर्दा बाधा विरोध वा हुलहुज्जत गरेमा पाँच हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(२) कसैले दफा ८ बमोजिम लगाएको रुख उखेलेमा वा काटेमा वा दफा ९ विपरीत बढी वजनको सवारी चलाएमा वा दफा १० बमोजिम माटो, ढुङ्गा, बालुवा लिंदा बाधा विरोध गरेमा वा दफा ११ को वर्खिलाप कुनै काम गरेमा दश हजार देखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) कसैले दफा १२ को उपदफा (१) को बर्खिलाप हुनेगरी कुनै काम गरेमा वा सोही दफाको उपदफा (३) बमोजिम मन्त्रालय, निर्देशनालय वा पूर्वाधार विकास कार्यालयले कुनै काम कारबाई गर्दा कसैले बाधा विरोध गरेमा दश हजार देखि पचाँस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

२१.**मुद्दाको तहकिकात र दायरीः** यस ऐन बमोजिम सजाय हुने कसुर सम्बन्धमा मुद्दाको अनुसन्धान, तहकिकात तथा मुद्दा दायरी सम्बन्धी कार्य प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

२२. **कारवाही गर्ने अधिकार र त्यस उपरको पुनरावेदनः** (१) दफा ६ को प्रयोजनको लागि जग्गा अधिग्रहण गर्दा बाधा विरोध गरेको, दफा ८ बमोजिम लगाएको रुख काटेको वा उखेलेको, दफा १० बमोजिम माटो, ढुङ्गा वा बालुवा लिंदा बाधा विरोध गरेको, दफा ११ बमोजिम व्यवस्थाको बर्खिलाप गरी सार्वजनिक सडकको आवागमनमा बाधा पुर्याउने गरी कुनै माल वस्तु राखेको, फालेको जडेको, बनाएको, झुण्डाएको र दफा १२ को बर्खिलाप प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष

उद्देश्यका सडक वा प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडक सीमा भित्र कुनै काम गरेको कसुरको सम्बन्धमा कारवाई गरी सजाय दिने अधिकार मन्त्रालय, निर्देशनालय वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम कारवाही गर्दा मन्त्रालय वा निर्देशनालय वा तोकेको अधिकारीले प्रचलित कानुन बमोजिम अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम मन्त्रालय वा निर्देशनालय वा तोकेको अधिकारीले सजाय गर्न गरेको आदेशबाट मर्का पर्ने व्यक्तिले पैंतीस दिन भित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२३. **सहयोग गर्नुपर्ने**:यस ऐन बमोजिमको कार्य गर्दा मन्त्रालय वा निर्देशनालय वा पूर्वाधार विकास कार्यालयले सहयोग माग गरेमा आन्तरिक मामिला तथा कानून मन्त्रालय र सम्बन्धित निकायले आवश्यक सहयोग गर्नुपर्नेछ।

२४. **सडक र सडक सीमा भित्र फोहरमैला गर्न नहुने**:(१) कुनै पनि व्यक्ति संस्था वा निकायले प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडक वा प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडक सीमा भित्र ठोस, तरल वा ग्यास वा अन्य कुनै किसिमको फोहरमैला गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिमको फोहरमैला गर्ने व्यक्ति, संस्था वा निकाय प्रचलित कानून बमोजिम सजायको भागिदार हुनेछ ।

२५. **समन्वय गर्नुपर्ने**: प्रदेश सरकारले प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यका सडकहरुको डिजाइन वा निर्माण गर्दा खानेपानी, ढल निकास, विद्युत, टेलिफोन सिँचाइ कुलो आदिका सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय गर्नु पर्नेछ ।

२६. **अधिकार प्रत्यायोजन**: यस ऐनबमोजिम मन्त्रालय वा निर्देशनालयलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार प्रदेश सरकारले कुनै अधिकारी वा कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **नियम बनाउने अधिकार**:(१)यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले नियमावली बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी सो नियमवलीमा देहायका कुराको व्यवस्था गरिनेछः–

(क) बालीनाली रुखपात तथा अन्य चीज वस्तुको नोक्सानी बापत क्षतिपूर्ति निर्धारण गर्ने आधार,

(ख) प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकपट्टि खुल्ने वा निस्कने गरी कुनै कुराको निर्माण गर्दा वा राख्दा पालन गर्नु पर्ने शर्तहरू,

(ग) प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकको दाँया बायाँ कुनै ढोका वा बाटो बनाउँदा पालन गर्नु पर्ने शर्त,

(घ) सडक सीमा वा त्यसरी किनारामा बनाइने वा खडा गरिने कुनै किसिमका घर, पर्खाल, ढल, बाटो, खम्बा, लट्ठा, प्रवेश द्वार आदि बनाउँदा वा खडा गर्दा पालन गर्नु पर्ने कुराहरू,

(ङ) प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडक वा प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडक सीमाको माथि वा किनारामा राखिने तार वा अन्य यस्तै चीज वस्तुको उचाईं र राख्ने तरीका तोक्ने,

(च) प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकमा वा प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकसीमाबाट जाने गरी कुनै ढल बनाउँदा वा पाइप वा तार विछाउँदा वा विजुली वा टेलिफोनको खम्बा सहित लाइन जडान गर्दा अपनाउनु पर्ने कार्यविधि ।

(छ) आवागमनमा बाधा हुने किसिमले प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकमा कुनै कार्य गर्ने व्यक्तिको कर्तव्य र निजले गर्नु पर्ने अन्य शर्त,

(ज) प्रदेश लोकमार्ग वा प्रदेश सहायक मार्ग वा विशेष उद्देश्यको सडकको दायाँ बायाँ र सडक सीमा भित्रको क्षेत्रमा रुख विरुवा लगाउने मापदण्ड एवं कार्यविधि,

प्रदेश सभाको सम्वत् २०७५ चैत्र २८ गते विहिबारका दिन बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

माननीय अर्जुन बहादुर थापा
सभामुख
सुदूरपश्चिम प्रदेश
मिति :- २०७६।०१।११

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणित गर्दछु ।

मिति :- २०७६।०१।२२ माननीय मोहनराज मल्ल
प्रदेश प्रमुख